# विकास सहयोग समिति (DAC) को मूल्यांकन मापदण्ड

**सान्दर्भिकता**
के कार्यक्रमले ठीक काम गरिरहेको छ?

**सामञ्जस्यता**
कतिको राम्रो कार्यक्रम सुहाउँदिलो छ?




**दिगोपना**
फाईदाहरू कतिसम्म दिगो रहन्छन् त?

**प्रभावकारिता**
के कार्यक्रमले आफ्ना उद्देश्यहरू प्राप्त गरेका छन्?

**प्रभाव**
कार्यक्रमबाट कस्तो फरक परेको छ?

**कार्यदक्षता**
कतिको राम्ररी श्रोतहरूको प्रयोग गरिएको छ?

सांसदहरू, के तपाईंहरू नागरिकहरूका अझ प्रभावकारी जनप्रतिनिधि बन्न इच्छुक हुनुहुन्छ?

आफ्ना निर्वाचन क्षेत्रका तर्फबाट देश विकास गर्ने हेतुले सान्दर्भिक र सठीक प्रश्नहरू लिएर संसदीय छलफलमा भाग लिन इच्छुक हुनुहुन्छ?

यस श्रृंखलाका OECD/DAC मापदण्डका बारे जान्न यो छोटो पुस्तिका पढ्नु होला।

**Asia Pacific Parlimentarians Forum For Evaluation**

## १. परिचय

संसद्ले जवाफदेहिता, पारदर्शिता र अधिकारको संरक्षणमार्फत लोकतन्त्रको आधारशिलाको रूपमा काम गर्दछ। देशको विकास प्रक्रियामा नीति निर्माताका रूपमा सांसदहरू महत्वपूर्ण सरोकारवाला हुन्। सांसदहरूले बहसमा सही प्रश्नहरू सोधेर, राष्ट्रिय प्राथमिकताहरू निर्धारण गर्दा मूल्यांकनका तथ्यहरू प्रयोग गरेर र राष्ट्रिय बजेटमार्फत स्रोतहरूको विनियोजन स्वीकृत गरेर र राष्ट्रिय प्राथमिकताहरू निर्धारण गरेर र दिगो विकासको ढाँचाभित्र बसी काम गरेर यो विकास प्रक्रियालाई सशक्त बनाउन सक्दछन्।

संसदले कानून निर्माण गर्ने, जनताको प्रतिनिधित्व गर्ने र सरकारलाई जवाफदेही बनाउने म्यान्डेटका साथ विकासमा महत्वपूर्ण भूमिका खेल्छन्। तर, सांसदहरूले आफूले पारित गरेका नीति तथा कार्यक्रमहरू सबल छन् कि छैनन्, सरकारले सही तरिकाले कार्यान्वयन गरेका छन् र जनताको जीवनस्तर उकास्ने छन् कि छैनन् भनेर कसरी थाहा पाउँछन्? के यो भन्दा अझ राम्रो नीति तथा कार्यक्रम हुनसक्थ्यो? मूल्यांकनबाट प्राप्त प्रमाण र यसले विकास गर्ने आलोचनात्मक सोचले सांसदहरूलाई नीति तथा कार्यक्रमहरूको डिजाइन र कार्यान्वयनमा अझ बढी सक्रिय भूमिका खेल्न मद्दत गर्न सक्छ, जसले राम्रो, निष्पक्ष र अधिक दिगो विकासका परिणामहरू निम्त्याउन सक्छन्।

OECD/DAC मूल्यांकन मापदण्डले विकास कार्यको राम्रो बुझाइको साथ सांसदहरूलाई संसदीय बहस र विषय समितिको बैठकहरूमा सही प्रश्नहरू सोध्न मद्दत गर्न सक्छ ताकि अन्ततः नागरिकहरूको लागि अधिकतम लाभ सुनिश्चित गर्न सकियोस्।

## OECD/DAC मूल्यांकन मापदण्डः

छ वटा मूल्यांकन मापदण्डहरू सान्दर्भिकता, सामन्जस्यता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव र दिगोपना हुन्। यद्यपि, यी मापदण्डहरू मूल्यांकनको साथ प्रयोगको लागि विकसित गरिएका छन्, तिनीहरूलाई कुनै पनि देशमा कुनै पनि विकास कार्य, कार्यक्रम वा नीतिको बारेमा बलियो प्रश्नहरू तयार गर्न पनि प्रयोग गर्न सकिन्छ। OECD/DAC मापदण्ड प्रमाण–आधारित निर्णय लिने र नीति विकासको लागि महत्वपूर्ण छ।

## २. प्रभावकारिता

OECD/DAC ले प्रभावकारितालाई मानकको रूपमा परिभाषित गर्दछ, जसमा निर्दिष्ट कार्यले कतिसम्म यसको उद्देश्यहरू र यसको परिणामहरू प्राप्त गर्‍यो, वा प्राप्त गर्ने आशा गरिएको छ, समूहहरूमा पार्ने कुनै पनि फरक परिणामहरूलाई पनि हेरिन्छ।

### २.१. मुख्य विषयहरू

प्रभावकारिताको विश्लेषणमा उद्देश्य वा परिणामको सापेक्षिक महत्वलाई ध्यानमा

राखिन्छ।

प्रभावकारिता शब्दले विकास कार्यक्रमबाट हासिल भएको वा हुन सक्ने प्रभाव कतिसम्म सान्दर्भिक, दिगो तथा दक्षतापूर्वक र सामञ्जस्यतापूर्वक भएको हो त्यसको समग्र रूपमा मापन गरिन्छ।

## २.२. सांसदहरूले प्रभावकारिताको मापदण्ड कसरी प्रयोग गर्न सक्छन्?

सार्वजनिक कोषको प्रयोग गरेर कार्यान्वयन गरिएका प्रमुख विकास कार्यहरूको अनुगमन र रेखदेख गर्ने जिम्मेवारी संसदको हो। यस्ता परियोजनाहरूको प्रभावकारिताबारे प्रश्नहरु सोधेर, सांसदहरूले नागरिकहरूको लागि अपेक्षित लाभहरु वास्तवमा महसुस भइरहेको छ कि छैन भनेर निर्धारण गर्न सक्दछन्।

कार्यक्रमको प्रभावकारिता र यसलाई प्रभाव पार्ने कारकहरूको बुझाइले यस्ता कार्यक्रमहरूको डिजाइनमा आउँदा चरणमा कसरी सुधार गर्ने वा परिमार्जन गर्ने वा यस्तै अरू कार्यक्रम पनि चलाउने भन्नेमा निर्णयहरु लिन सकिन्छ।

प्रभावकारिताको बारेमा प्रश्नहरु सोध्दा सार्वजनिक कोषले अपेक्षित परिणाम हासिल गरेको छ कि छैन भनेर पनि थाहा पाउन सकिन्छ। उदाहरणका लागि, गरिबी निवारण कार्यक्रमको समीक्षा गर्दा सांसदहरूले कति परिवारले आफ्नो आयमा वृद्धि भएको देखेका छन्। उनीहरूको आयमा कति वृद्धि भएको छ, कति परिवारहरु गरिबीबाट मुक्त भएका छन् र कुन अवधिमा परिवर्तन भएको छ भन्ने प्रमाण माग्न सक्छन्। यस प्रकारको सूचनाहरूले सांसदहरूलाई कार्यक्रमको प्रभावकारितालाई वैकल्पिक फरक रणनीति प्रयोग गरेको कार्यक्रमहरूसँग तुलना गर्न सक्दछन्।

मूल्यांकन प्रतिवेदनले प्रायः मूल्यांकन भइरहेको कार्यक्रमको प्रभावकारितालाई उजागर गर्दछ र सांसदहरूको प्रश्नहरूको जवाफ दिन मद्दत गर्न सक्छ। यिनीहरूलाई अनुरोध गरेर र प्रभावकारिताको बारेमा अझ बढी सिकेर, सांसदहरूले कार्यक्रम वा नीतिको बारेमा महत्त्वपूर्ण प्रश्नहरु आफै तयार गर्न पनि सक्दछन्।

## २.३. प्रभावकारिता सुनिश्चित गर्न सांसदहरूले सोध्न सक्ने सम्भावित प्रश्नहरू :

सार्वजनिक कार्य, कार्यक्रम वा नीतिको प्रभावकारिताबारे सांसदहरूले सोध्न सक्ने प्रश्नहरूका उदाहरणहरु तल दिइएका छन्। तथापि, प्रश्नहरु सोध्दा रचनात्मक हुनु र देशको सन्दर्भ, कार्यक्रम वा नीतिको प्रकृति, बहस र नीति निर्णय प्रक्रियाहरूलाई ध्यानमा राख्नु महत्वपूर्ण छ।

क. यस कार्यक्रमले योजनाबद्ध अल्पकालीन र मध्यमकालीन परिणामहरु, तिनीहरूको सापेक्ष महत्वलाई ध्यानमा राख्दै कुन हदसम्म परिणाम हासिल गरेको छ वा प्राप्त गर्ने सम्भावना छ?

ख. प्राप्त परिणामहरु समान रूपमा विभिन्न समूहमाझ बितरण गरियो?

ग. समग्रमा र समूहहरूमाझ परिणामहरूको उपलब्धि वा गैर-उपलब्धिलाई प्रभावित गर्ने प्रमुख कारकहरु के थिए?

घ. कार्यक्रम सम्बन्धित प्रभावहरु कुन हदसम्म कार्यक्रमले गर्दा हुन गएको हो?
ङ. कुन-कुन कारणहरुले कार्यक्रमको प्रभावकारितालाई मदत ग¥यो वा ओझेलमा पा¥यो?

### ३. कार्यदक्षता

OECD/DAC ले कार्यदक्षतालाई मूल्यांकन मानकको रुपमा परिभाषित गर्दछ जहाँ स्रोत साधनको सदुपयोग भइरहेको होस्।

आर्थिक र समयमा नै काम सम्पन्न हुने हिसाबले, कार्यक्रम कति सम्म परिणाम दिन सकेको छ वा दिन सक्दछ भन्ने हेरिन्छ।

### ३.१. मुख्य विषयहरू

आर्थिक पक्षको कुरा गर्दा विभिन्न साधनहरू जस्तै कोष, विशेषज्ञता, प्राकृतिक स्रोतहरु, समय, आदि लाई प्रतिफल, परिणाम र प्रभावहरुमा रुपान्तरण गर्नु हो। यस्तो रूपान्तरणहरू अरू विकल्पहरुको तुलनामा सबैभन्दा लागत प्रभावी तरिकामा सम्भव तुल्याउनु पर्ने हुन्छ।

समयमै सेवाप्रवाह इच्छित समयसीमा भित्र छ, वा विकसित/परिवर्तित सन्दर्भमा उचित रुपमा समायोजित समय सीमाभित्र छ, छैन हेर्नु पर्ने हुन्छ। यसमा कार्यान्वयनको दक्षताको मूल्यांकन समावेश हुन सक्छ - कार्यक्रम कति राम्रो तरिकाले व्यवस्थापन गरिएको थियो।

### ३.२. सांसदहरूले कसरी कार्यदक्षता मापदण्ड प्रयोग गर्न सक्छन् :

कार्यकारिणीको कामहरू रेखदेख गर्ने र सार्वजनिक कोषको राम्रो उपयोग भएको नभएको हेर्ने संवैधानिक दायित्व संसद र सांसदहरू को हो कार्यक्रम र नीतिहरूलाई अनुमोदन गर्नुको साथै विनियोजित रकमको उचित उपयोग भएको छ कि छैन, कार्यक्रमहरु योजनाबद्ध रुपमा कार्यान्वयन भएका छन् कि छैनन् र कार्यक्रमले अपेक्षित रुपमा काम गरेको छ कि छैन भनेर प्रश्न गर्ने सांसदको भूमिकाको एक भाग हो।

सांसदहरुले यो पनि प्रश्न गर्न सक्छन् कि वैकल्पिक र अझ राम्रो रणनीतिहरु के छन् जसले समान वा कम स्रोतहरु प्रयोग गरेर राम्रा परिणामहरु उत्पादन गर्न सक्दछन्।

कार्यदक्षताको मापदण्डले सांसदहरुलाई विगतमा सार्वजनिक कोषको कति राम्रो प्रयोग भएको छ भनेर जाँच्न र भविष्यको राष्ट्रिय बजेटको अनुमोदनको बारेमा बहसलाई सूचित गर्न शक्तिशाली प्रश्नहरु तयार गर्न मद्दत गर्न सक्छ।

कार्यदक्षताको मापदण्डको बुझाइले सांसदहरुलाई आफ्नो निर्वाचन क्षेत्र र आम नागरिकको सर्वोत्तम हितमा सार्वजनिक स्रोतहरु निर्देशित गर्न ठोस धरातल राख्छ।

### ३.३. कार्यदक्षता सुनिश्चित गर्न सांसदहरूले सोध्न सक्ने सम्भावित प्रश्नहरू :

सार्वजनिक कार्य, कार्यक्रम वा नीतिको कार्यदक्षताबारे सांसदहरुले सोध्न सक्ने

प्रश्नहरूका उदाहरणहरु तल दिइएका छन्। तथापि, प्रश्नहरु सोध्दा रचनात्मक हुनु र देशको सन्दर्भ, कार्यक्रम वा नीतिको प्रकृति, र बहस र नीति निर्णय प्रक्रियाको आवश्यकताहरूलाई ध्यानमा राख्नु महत्त्वपूर्ण छ।

क. कार्यक्रम वा नीतिले सार्वजनिक स्रोतसाधनको प्रभावकारी प्रयोग गरेर त्यसको परिणाम हासिल गरेको छ? के यसले पैसाको मूल्यलाई प्रतिनिधित्व गर्दछ?

ख. विभिन्न विकल्पहरूको लागत र असरहरु के हुन्?

ग. योजनाअनुसार समयमै नतिजा आएको थियो? यदि थिएन भने, के समायोजन गरियो र किन?

घ. कुन कुन कारणहरूले कार्यक्रमको कार्यदक्षतालाई प्रभावित गरेको छ?

### ४. सान्दर्भिकता

OECD/DAC ले सान्दर्भिकतालाई मूल्यांकन मापदण्डको रूपमा परिभाषित गर्दछ र कुन हदसम्म कार्यक्रमले सही कार्यहरु गरिरहेको छ भन्ने कुरालाई हेर्दछ। विकास कार्यक्रमको उद्देश्य र डिजाइनले लाभग्राहीहरूको, विश्वव्यापी हिसाबले, देशको, साझेदारहरूको र संस्थाका आवश्यकताहरु, नीतिहरु र प्राथमिकताहरूलाई कति सम्म हेर्न सकेको छ र तिनीहरूमा र परिस्थितिहरु परिवर्तन (आर्थिक, पर्यावरणीय, समतामूलक, सामाजिक, राजनीतिक अर्थव्यवस्था, र क्षमता अवस्थाहरु समावेश गर्दछ र जसमा कार्यक्रमको हस्तक्षेप हुन्छ) भएको कारण त्यस्तो परिवर्तनहरूलाई कति सम्म हेर्न सकेको छ भन्ने सँग सम्बधित छ।

### ४.१. मुख्य विषयहरू

कार्यक्रमको उद्देश्य र डिजाइन आर्थिक, पर्यावरणीय, समतापूर्ण, सामाजिक, राजनीतिक अर्थव्यवस्था र क्षमताको स्थिति अनुरूप हुनुपर्ने कुरा यस्मा हुन्छ।

विकास कार्यक्रम बाट लाभान्वित हुनेहरूमा व्यक्तिहरू, समूह, वा संगठनहरू (लक्षित वा लक्षित नभएता पनि) पर्दछन् र तिनिहरूले प्रतक्ष्य र अप्रतक्ष्य रूपले लाभ लिई रहेका हुन्छन्। तिनिहरूलाई अर्को शब्दमा प्रभावित जनताहरू अथवा संरक्षित अधिकार प्रापकहरू पनि भन्ने गरिन्छ।

साझेदार र संस्थामा सरकार (राष्ट्रिय, क्षेत्रीय, स्थानीय), नागरिक समाज संगठनहरु, निजी संस्थाहरु र अन्तर्राष्ट्रिय निकायहरु समावेश छन् जुन कार्यक्रमको वित्तिय कारोवार, कार्यान्वयन र र वा निरीक्षणमा संलग्न रहन्छन्। सान्दर्भिकता मूल्यांकनमा विभिन्न प्राथमिकताहरु वा आवश्यकताहरु बीचको भिन्नता र लागत र लाभहरूको तुलना समावेश हुन्छन्। यसको लागि सन्दर्भको कुनै पनि परिवर्तनको विश्लेषण गर्न आवश्यक छ, जसबाट कार्यक्रमलाई कसरि र कुन हदसम्म सान्दर्भिक बनाउन सजिलो हुन्छ।

### ४.२. सांसदहरूले कसरी सान्दर्भिकता मापदण्ड प्रयोग गर्न सक्छन् :

संसदमा थुप्रै सार्वजनिक कार्यक्रमबारे छलफल हुन्छ। यस्ता कार्यहरु

नागरिकहरूको आवश्यकतासँग सान्दर्भिक रहोस् भन्ने कुरा सुनिश्चित गर्नु महत्वपूर्ण संसदीय जिम्मेवारी हो। प्रभावकारी सांसदहरूले कार्यक्रमको सान्दर्भिकताको बारेमा महत्त्वपूर्ण प्रश्नहरु सोधेर आफ्ना घटकहरूको साँचो हितको प्रतिनिधित्व गर्न सक्दछन्।

आदर्श रूपमा, संसदले सार्वजनिक कार्यहरु कार्यान्वयन गर्नु अघि यसको सान्दर्भिकता सुनिश्चित गर्नुपर्दछ। तर वास्तविकतामा धेरै नीति तथा कार्यक्रमहरू कुनै स्पष्ट सुरूवात वा अन्त्य बिना नै चलिरहेका छन्, जुन कार्यक्रम र नीतिहरूले नागरिकहरूको आवश्यकताहरु पूरा गर्दछ। यसैले चलिरहेकै कार्यक्रमहरूको बारेमा सान्दर्भिकताको प्रश्नहरु सोधि कार्यान्वयन लाई बढि उपयोगि र सान्दर्भिक बनाई कार्यक्रम र नीतिहरूले नागरिकहरूको आवश्यकताहरु पूरा गर्ने दिशातर्फ निरन्तर सुधार गर्न सकिन्छ। त्यहाँ धेरै प्रमुख क्षेत्रहरु छन् जुन सान्दर्भिकता अन्तर्गत सम्बोधन गर्न सकिन्छः

क. कार्यक्रम वास्तवमा नागरिकहरूको आवश्यकतामा आधारित छ कि छैन,
ख. सही लाभग्राहीको पहिचान गरी समावेश गरिएको छ कि छैन,
ग. सही सरोकारवालाहरूको पहिचान र परामर्श गरिएको छ कि छैन,
घ. कार्यक्रमले सम्बन्धित सरकारी एजेन्सीहरु र साझेदारहरूको पहिचान गरेका प्राथमिकताहरूलाई सम्बोधन गर्दछ कि गर्दैन,
ङ. सन्दर्भ परिवर्तन भएमा वा हुँदा सान्दर्भिक रहन कार्यक्रममा हस्तक्षेप वा नीति परिमार्जन गर्न सकिन्छ कि सकिँदैन।

### ४.३ सान्दर्भिकता सुनिश्चित गर्न सांसदहरूले सोध्न सक्ने सम्भावित प्रश्नहरूः

सार्वजनिक कार्य, कार्यक्रम वा नीतिको सान्दर्भिकताबारे सांसदहरूले सोध्न सक्ने प्रश्नहरूका उदाहरणहरु तल दिइएका छन्। तथापि, प्रश्नहरु सोध्दा रचनात्मक हुनु र देशको सन्दर्भ, कार्यक्रम वा नीतिको प्रकृति, र बहस र नीति निर्णय प्रक्रियाको आवश्यकताहरूलाई ध्यानमा राख्नु महत्त्वपूर्ण छ।

क. के सम्भावित लाभग्राहीहरूको वास्तविक आवश्यकतालाई ध्यानमा राखेर कार्य/कार्यक्रम/नीति बनाइएको छ?
ख. कार्यक्रमको महत्वपूर्ण पक्षहरू पहिचान र निर्धारण गर्दा के कस्ता तथ्यहरू र प्रमाणहरु प्रयोग गरिएको छ?
ग. के कार्य, कार्यक्रम वा नीति डिजाइन गर्दा लाभग्राहीहरूसँग परामर्श गरिएको थियो?
घ. के नागरिकको लाभग्राही समूहलाई सरकारी सहयोगका लागि प्राथमिकता दिइएको छ?
ङ. राष्ट्रिय प्राथमिकता र योजनासँग कार्य/कार्यक्रम/नीति कत्तिको मिल्दोजुल्दो छ?
च. दिगो विकास लक्ष्यसँग कार्य/कार्यक्रम/नीति कत्तिको मिल्दोजुल्दो छ?

छ. सामाजिक/आर्थिक/वातावरणीय परिवेशमा आएको परिवर्तनलाई कार्यक्रमले कत्तिको अनुकूल बनाएको छ?

ज. के कार्य/कार्यक्रम/नीति कार्यक्रम को जीवन अवधि भर लाभग्राहीहरूको आवश्यकतासँग सान्दर्भिक रहने सम्भावना छ?

## ५. सामन्जस्यता

OECD/DAC ले सामन्जस्यतालाई मुल्यांकन मानकको रूपमा लिई कार्यक्रम कति सम्म सुहाउँदिलो छ भन्ने हरिन्छ।

देश, क्षेत्र वा अन्य संस्था/निकायहरूको अन्य कार्यक्रमहरूको सँग को सामञ्जस्यता हेरिनु पर्ने हुन्छ।

### ५.१ मुख्य विषयहरू

कुन हदसम्म अन्य कार्यक्रमहरु -विशेष गरी नीतिहरु) यस कार्यक्रम अनुरूप मिल्दो जुल्दो छ वा बिरोधासपूर्ण छ अथवा यसको उल्टो छ हेरिन्छ। यसमा आन्तरिक सामन्जस्यता र बाह्य सामन्जस्यता समावेश छ।

आन्तरिक सामन्जस्यताले एउटै संस्था र निकाय द्वारा संचालन गरिएको अन्य कार्यक्रमहरु बीचको तालमेल र अन्तरसम्बन्धलाई सम्बोधन गर्दछ, साथै यी संस्था र निकायसँग सम्बन्धित अन्तर्राष्ट्रिय मापदण्डहरु सँग पनि मेल खानु पर्ने हुन्छ। बाह्य सामन्जस्यताले समान सन्दर्भमा अन्य कर्ताहरूको कार्यक्रम सँगको तालमेल र अन्तरसम्बन्धलाई जनाउँदछ। यसमा पूरकता, सामन्जस्यता र अरूसँगको समन्वय समावेश हुन्छ र कार्यक्रममा हुन सक्ने दोहोरोपना लाई हटाउने प्रयास हुन्छ।

### ५.२ सांसदहरूले सामन्जस्यता मापदण्ड कसरी प्रयोग गर्न सक्छन् :

सांसदहरूले संसदीय समितिहरूमा भाग लिएर नीति निर्माण र कार्यान्वयनमा महत्त्वपूर्ण योगदान पुर्‍याउँछन्। उनीहरूको यो योगदानलाई देशको विकासको राम्रो बुझाई ले, विभिन्न क्षेत्रहरूबीच समन्वय सुनिश्चित गरेर, सरोकारवालाहरु बीच समन्वय कायम गरेर र विकास कार्यहरु बीच पूरकताको फाइदा उठाएर धेरै अगाडि बढाउन सकिन्छ।उदाहरणका लागि, गरिबी निवारणका कार्यक्रमहरु आर्थिक विकास, स्वास्थ्य, शिक्षा, व्यावसायिक तालिम जस्ता अन्य विभिन्न क्षेत्रगत कार्यहरूसँग जोडिएका छन्।

यी विभिन्न मन्त्रालय र विभागहरु द्वारा अलग-अलग कार्यक्रमहरूको रूपमा कार्यान्वयन र व्यवस्थापन भएको हुन सक्छ। तथापि, गरिबी निवारण कार्यक्रमको अधिकतम परिणाम प्राप्त गर्न कार्यान्वयन गर्ने मन्त्रालयहरूबीच समन्वय र कार्यक्रमहरूबीच समन्वय महत्त्वपूर्ण छ।

कार्यक्रमहरु बीचको राम्रो र बलियो समन्वयले ओभरल्याप, डुप्लिकेसन र अनावश्यक प्रतिस्पर्धाबाट जोगिएर र यसको सट्टा सहकार्य र सिक्नको लागि

क्षमता निर्माण गरेर देशको लागि उन्नत विकास परिणामहरु सिर्जना गर्न सकिन्छ। सांसदहरूको राष्ट्रिय स्तरको विकासको सिंहावलोकनको साथ निर्वाचन क्षेत्रहरूसँग प्रत्यक्ष सम्बन्ध राख्दछ . यसैले तिनीहरु कार्यक्रमहरु बीच असामन्जस्यता पहिचान गर्न एक अद्विितीय स्थितिमा रहेका हुन्छन्। सुसामन्जस्यताको बारेमा सान्दर्भिक प्रश्नहरु सोधेर उनीहरूले मन्त्रालयहरु र कार्यक्रमहरु बीच आवश्यक समन्वयहरु सिर्जना गर्न सक्छन् र त्यसबाट अन्ततः सुधारिएको परिणामहरु संसदलाई रिपोर्ट गर्न सकिन्छ।

### ५.३ सम्भावित प्रश्नहरू जुन सांसदहरूले सामन्जस्यता सुनिश्चित गर्न सोध्न सक्नुहुन्छः

सार्वजनिक कार्य, कार्यक्रम वा नीतिको सामञ्जस्यताबारे सांसदहरूले सोध्न सक्ने प्रश्नहरूका उदाहरणहरु तल दिइएका छन्। तथापि, प्रश्नहरु सोध्दा रचनात्मक हुनु र देशको सन्दर्भ, कार्यक्रम वा नीतिको प्रकृति, बहस र नीति निर्णय प्रक्रियाको आवश्यकताहरूलाई ध्यानमा राख्नु महत्वपूर्ण छ।

क. के कार्यक्रमको डिजाइनले उही मुद्दालाई सम्बोधन गर्ने अन्य कार्यक्रमहरूलाई विचार गरेको छ?

ख. कार्यक्रमको परिणाम आन्तरिक वा बाह्य रूपमा समान समस्यालाई सम्बोधन गर्ने अन्य कार्यक्रमहरूको परिणामहरूसँग कति हदसम्म मिल्दो जुल्दो र पूरक छन्?

ग. यस क्षेत्रमा कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरूबीच कस्तो स्तरको समन्वय विद्यमान छ?

घ. के यो कार्यक्रम कार्यान्वयन गरि रहेको संस्थाका म'ल्य र मापदण्डसँग मेल खान्छ?

## ६. दिगोपना

OECD/DAC ले दिगोपनाको सन्दर्भ मा उत्पन्न हुने मुख्य प्रश्न उल्लेख गरेको छ –

"के लाभ दिगो हुन्छ?" कार्यक्रमको दिगोपना त्यसबाट प्राप्त खुद लाभहरु त्यस कार्यक्रमको जीवनकाल भन्दा पछि सम्म प्राप्त गर्दछन् वा पाई रहने सम्भावना हुन्छ भन्ने लाई जनाउँदछ।

### ६.१ मुख्य विषयहरू

नीति वा परियोजनाको दिगोपनको मूल्यांकनमा प्रणालीको वित्तीय, आर्थिक, सामाजिक, वातावरणीय र संस्थागत क्षमताहरूको परीक्षण समावेश हुन्छ जसले समय बित्दै गएको सन्दर्भमा खुद लाभहरु कति सम्म कायम राख्न सक्दछ। यसमा जोखिम मोल्न सक्ने क्षमता, जोखिम र सम्भावित कारोबारहरूको विश्लेषण समावेश छ। मूल्यांकनको समयको आधारमा, यसमा खुद लाभहरूको वास्तविक प्रवाहको विश्लेषण गर्न वा मध्यम र लामो अवधि सम्म खुद लाभ रहि रहने

सम्भावनाको अनुमान गर्न पनि पर्दछ।

### ६.२ सांसदहरूले कसरी दिगोपना मापदण्ड प्रयोग गर्न सक्छन्:

संसदहरूले नागरिकहरूको लागि दीर्घकालीन लाभहरु सुरक्षित गर्ने उद्देश्यका साथ विकास कार्यहरूको लागि स्रोतहरु विनियोजन गर्दै बजेटहरु स्वीकृत गर्दछ। पूर्वाधार विकास, गरिबी निवारण, वातावरण संरक्षण, शिक्षा,

पूर्वाधारको क्षेत्रमा, जुन एकदम पूँजी प्रधान छ, यसले सम्बोधन गर्ने समस्याहरु अल्पकालिन मात्र होइन, दीर्घकालीन रूप को हुन्छन्। उदाहरणका लागि, नयाँ सडक प्रणालीले आज मात्र होइन, तर आउने वर्षहरूमा यातायातको लागि पर्याप्त क्षमता प्रदान गर्नुपर्छ। लाभहरु साँच्चिकै दिगो हुनको लागि, हामीलाई सडकको जीवनकालमा मर्मत सम्भार लागतहरु व्यहोर्ने संयन्त्र पनि चाहिन्छ।

स्वास्थ्य कार्यक्रमभित्र नागरिकको व्यवहारमा परिवर्तन गरेर उनीहरूको जीवनको गुणस्तरमा सुधार गर्ने सन्दर्भमा यो महत्त्वपूर्ण छ कि यी व्यवहार परिवर्तनहरु स्थायी रहुन् र अस्थायी हैनन्। उदाहरणका लागि, आमाहरूले आफ्ना शिशुहरूलाई कसरी खुवाउने भन्ने कुरामा सुधार गर्ने अभियानमा, आमाहरूले अभियानको अवधिको लागि मात्र नभई भविष्यमा शिशुहरूको लागि पोषणयुक्त खाद्य पदार्थहरु छनौट गर्न जारी राख्नु महत्त्वपूर्ण छ।

दिगोपना हासिल गर्न, हामीले प्रायः यो सुनिश्चित गर्न आवश्यक छ कि यसमा संलग्न व्यक्तिहरूको मनोवृत्ति र व्यवहारमा आवश्यक परिवर्तनहरु स्थायी हुन्छन् साथै प्रमुख निकाय र संस्थाका प्रणालीहरूमा तिनिहरूको क्षमता विकास मार्फत हामीले प्राप्त गर्न खोजेका विकासका परिवर्तनलाई समर्थन र सहयोग गरोस्। दिगोपनाको प्रकृति नै यस्तो छ कि यसलाई कार्यक्रमको जीवनकालमा मूल्यांकन गर्न गाह्रो छ। दिगोपनको सही मूल्यांकन गर्न हामीले कार्यक्रम वा नीति कार्यान्वयन सकेको लामो समयपछि मूल्यांकन गर्न पर्ने हुन्छ।

दिगोपनाको मापदण्डको बुझाइले सांसदहरूलाई बहस कक्ष र संसदीय समितिहरूमा सान्दर्भिक प्रश्नहरु सोध्न सजिलो पर्छ। वर्तमान संसदको अवधि मात्र नभई त्यसको धेरै समय सछि सम्म पनि यस्तो सरकारी खर्चको लाभहरू नागरिकहरूलाई प्राप्त भई रहोस् भन्ने हो।

दिगो नहुने कार्यहरूमा खर्च हुने सार्वजनिक स्रोतहरूको दुरूपयोग र बर्बादी मात्र हो र भविष्यमा उही समस्या समाधान गर्न अर्कै कार्यक्रमको आवश्यकता पर्न सक्छ। तथापि, यी परियोजनाहरूको प्रभावकारी निरीक्षणले भविष्यको कार्यक्रमको लागि बहुमूल्य पाठहरु प्रदान गर्न सक्छ।

### ६.३. सम्भावित प्रश्नहरू सांसदहरूले दिगोपन सुनिश्चित गर्न सोध्न सक्नुहुन्छ:

सार्वजनिक कार्य, कार्यक्रम वा नीतिको दिगोपनबारे सांसदहरूले सोध्न सक्ने प्रश्नहरूका उदाहरणहरु तल दिइएका छन्। तथापि, प्रश्नहरु सोध्दा रचनात्मक हुनु

र देशको सन्दर्भ, कार्यक्रम वा नीतिको प्रकृति, र बहस र नीति निर्णय प्रक्रियाको आवश्यकताहरूलाई ध्यानमा राख्नु महत्त्वपूर्ण छ।

क. कार्यक्रमको वित्तीय, सामाजिक, आर्थिक र वातावरणीय खुद लाभहरु के के हुन्?

ख. यी शुद्ध-लाभहरु धेरै पछिसम्म पनि कायम राख्न आवश्यक संस्थाहरु र प्रणालीहरूको क्षमता के हो?

ग. के मनोवृत्ति र व्यवहारमा महत्वपूर्ण परिवर्तनहरु भएका छन् जुन लाभहरु स्थायी प्रकृतिको लागि आवश्यक छन्? यसको लागि कुन सरोकारवालाहरूलाई हेर्नुपर्छ?

घ. मध्यम र दीर्घकालीन रूपमा लाभहरूलाई निरन्तरता दिन के के कारक तत्वहरू ध्यान दिनु पर्दछ?

ङ. वातावरण परिवर्तनको जोखिम व्यहोर्न प्रमुख संस्थागत क्षमता र प्रणालीहरु कत्तिको लचिलो छन्?

च. कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता सम्झौताहरू गर्नुपरेको थियो र तिनीहरूको प्रभाव खुद लाभहरूमा कस्तो परेको थियो?

## ७. प्रभाव

OECD/DAC ले प्रभावलाई मूल्यांकन मानकको रूपमा परिभाषित गर्दछ र यसले कार्यक्रम बाट के कस्तो फरक परेको छ भन्ने कुरा हेर्दछ। कार्यक्रमले पारेको वा पार्न सक्ने ठूलो महत्वपूर्ण र उच्चस्तरीय प्रभावहरु लाई हेरिन्छ। तिनीहरू सकारात्मक वा नकारात्मक, र इच्छित वा अनपेक्षित पनि हुन सक्दछ।

### ७.१. मुख्य विषयहरू

प्रभावले कार्यक्रमको अन्तिम महत्व र सम्भावित परिवर्तनकारी प्रभावलाई सम्बोधन गर्दछ। यस कार्यक्रमको सामाजिक, वातावरणीय र आर्थिक प्रभावहरु पहिचान गर्न खोज्छ जुन प्रभावकारिता मापदण्ड अन्तर्गत पहिल्यै नै लिइएका मापदण्ड भन्दा लामो अवधि वा दायरामा व्यापक छ। तात्कालिक परिणामहरु बाहेक, यो मापदण्डले कार्यक्रमको अप्रत्यक्ष, दोस्रो तह र सम्भावित परिणामहरु हेर्न खोज्छ। यसले प्रणाली वा मान्यताहरूमा समग्र र स्थायी परिवर्तनहरु हेर्नुको साथै मानिसहरूको कल्याण, मानव अधिकार, लैङ्गिक समानता र वातावरणमा सम्भावित प्रभावहरु समेत हेर्दछ।

### ७.२. सांसदहरूले कसरी प्रभाव मापदण्ड प्रयोग गर्न सक्छन् :

लगभग सबै देशहरूमा, सरकारहरूले नागरिकहरूको जीवन सुधार गर्न डिजाइन गरिएका नीतिहरु वा कार्यक्रमहरूमा सार्वजनिक कोषको ठूलो मात्रा लगानी गर्छन्। यसमा गरिबी निवारण, स्वास्थ्य र शिक्षामा सुधार, वातावरण संरक्षण लगायतका नीति तथा कार्यक्रम समावेश छन्। प्रभावको मापनले हामीलाई यस्तो कार्यक्रमको दीर्घकालीन

परिवर्तनको लागि कति सम्म जिम्मेवार छ भन्ने कुरा निर्धारण गर्न सकिन्छ।

यी कार्यक्रमहरूको लागि विनियोजन गरिएको राष्ट्रिय बजेटहरु संसदद्वारा अनुमोदित हुन्छन्। सरकार/कार्यकारीणी सुपरिवेक्षणको सिलसिलामा सांसदहरूले त्यस्ता कार्यक्रमहरूको सम्भावित दीर्घकालीन लाभहरूको मूल्यांकनका साथै विगतमा यस्तै नीति वा कार्यक्रमहरूको दूरगामी प्रभावलाई पनि बुझ्न सक्दछन्।

प्रभावका उदाहरणहरूमा, गरिबी निवारण कार्यक्रमको परिणामस्वरूप गरिबीबाट मुक्त भएका र त्यहाँ ५ वर्ष वा सो भन्दा बढी अवधिका लागि त्यहि स्तरमा रहेका परिवारहरूको संख्यामा वृद्धि, स्वास्थ्य कार्यक्रमको परिणामस्वरूप ५ वर्ष नपुग्दै मृत्यु हुने प्रत्येक १,००० मा बालबालिकाको मृत्युको (बालमृत्यु दर) संख्यामा कमी, साहसिक कार्यक्रम पछि उतिर्ण भएको विद्यार्थिहरू मध्ये लाभप्रद रोजगार पाउने को विद्यार्थीहरूको प्रतिशतमा वृद्धि।

प्रभाव मापदण्डको बुझाईले सांसदहरूलाई बहस कक्ष र संसदीय विषय समितिहरूमा सरकारी खर्चका नागरिकहरूलाई हुने दीर्घकालीन लाभको बारेमा सान्दर्भिक प्रश्नहरु सोध्न सजिलो पार्दछ। प्रभावलाई ध्यानमा राख्दै सरकारी कार्यक्रम र नीतिहरूले अल्पकालीन रूपमा मात्र होइन, जनताको जीवनमा वास्तविक र दीर्घकालीन परिवर्तन ल्याउने लक्ष्य पूरा गर्न मद्दत गर्दछ।

### ७.३. प्रभाव सुनिश्चित गर्न सांसदहरूले सोध्न सकिने सम्भावित प्रश्नहरू:

सार्वजनिक कार्य, कार्यक्रम वा नीतिको प्रभावबारे सांसदहरूले सोध्न सक्ने प्रश्नहरूका उदाहरणहरु तल दिइएका छन्। तथापि, प्रश्नहरु सोध्दा रचनात्मक हुनु र देशको सन्दर्भ, कार्यक्रम वा नीतिको प्रकृति, बहस र नीति निर्णय प्रक्रियाको आवश्यकताहरूलाई ध्यानमा राख्नु महत्वपूर्ण छ।

क. यो कार्यक्रमले परिवर्तनकारी प्रकृतिको योजनाबद्ध उच्च-स्तरीय परिणामहरु कुन हदसम्म हासिल गरेको छ?

ख. कार्यक्रमले लैङ्गिक समानता, मानव अधिकार, वातावरणीय गुणस्तर र लोकक( ल्याणमा पारेको अप्रत्यक्ष सकारात्मक दोस्रो तहको प्रभाव कस्तो पारेको छ?

ग. के कार्यक्रमद्वारा समग्र दीर्घकालीन परिवर्तनहरु ल्याएको छ जसले मापदण्ड र संस्थाहरूमा पनि परिवर्तन ल्याएको हुन्छ? यदि त्यसो हो भने, तिनीहरु के हुन्?

घ. समय बिताइदै जाँदा, के कार्यक्रमको परिणामस्वरूप कुनै अनपेक्षित परिवर्तनहरु (सकारात्मक वा नकारात्मक) देखा परे?

ङ. प्रभावहरूको उपलब्धिलाई सहज बनाउने कारक तत्वहरु के हुन् र कुन कारकहरूले बाधा पुर्याइरहेका थिए?

च. कार्यक्रमको प्रभावको अनुभूतिबाट के पाठ सिक्न सकिन्छ?

●

# थप जान्नका लागि स्रोतहरू

स्रोत: डी सिल्वा, एस (2021),
विकासका सफलता लागि परिवर्तनको
सिद्धान्त:कार्यपुस्तिका।
कोलम्बो, श्रीलङ्का: श्रीलङ्का इभ्यालुएसन एशोसिएशन

यो अनौपचारिक अनुवाद हो ।
अनुवादक: खगेन्द सुब्बा
डिजाइनर: सन्तोष अर्याल
नेपाली अनुवादको प्रकाशक:
नेपाल मूल्यांकन समाज, काठमाण्डौं, नेपाल
भाद्र, २०८०

Better Evaluation (17 July 2018).
OECD-DAC. Retrieved from
*https://tinyurl.com/4j2ufa2z*

OECD (2022). Understanding the six
criteria: Definitions, elements for analysis
and key challenges. Retrieved from
https://tinyurl.com/bddeffx8

Published by

ASIA PACIFIC PARLIAMENTARIANS
FORUM FOR EVALUATION

APEA
Asia-Pacific Evaluation Association

Global
Parliamentarians
Forum for
Evaluation

Contact: apea.coordinator@gmail.com